# पूर्वखोला गाउँपालिकाको आर्थिक ऐन, २०७७

**प्रमाणीकरण र प्रकाशन मितिः**

२०७७।०३।२५

पूर्वखोला गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रस्तावनाः पूर्वखोलागाउँपालिकाको आर्थिक वर्ष ०७७।०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको २०७२ धारा २२८ को उपधारा २ बमोजिम पूर्वखोला गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** यस ऐनको नाम **"**आर्थिक ऐन **२०७७"** रहेको छ ।

यो ऐन २०७७ साल श्रावण १गतेदेखि पूर्वखोला गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **भूमि कर, मालपोतः**गाउँपालिका क्षेत्रभित्र अनुसूची -१ बमोजिम भूमि कर, मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

३. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल,ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची -२ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** गाउँपालिकाक्षेत्रभित्र व्यापार,व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची -३ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **जडिबुटी,कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची -४ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची -५ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची -६ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची -७ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची -८ बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. **सडक मर्मत तथा पर्यावरण संरक्षण शुल्कः** गाउँपालिकाले निर्माण संचालन वा व्यवस्थापन गरेका अनूसूची -९ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **नक्शा नाप दस्तुर :** गाउँपालिकाले नक्सापास सेवाशुल्क वापत अनुसूची -१० मा उल्लेखित दरमा दस्तुर उठाईनेछ।

१२. **सिफारिस दस्तुर :** गाउँपालिकाले प्रवाह गर्ने सिफारिस सम्बन्धी सेवामा अनुसूची -११ मा उल्लेखित दरमा दस्तुर लिईनेछ।

१३. **घर कर :** गाउँपालिका क्षेत्रभित्र रहेका स्थायी आवासगृह हरुमा अनुसूची -१२ बमोजिम घर कर लगाइने र असूल गरिनेछ ।

१४. **पर्यटनशुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची -१३ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **जरिवाना :** गाउँपालिकाले तोकेको मापदण्डको प्रतिकुल हुनेगरी काम गर्ने व्यक्ति वा संस्थालाई अनुसूची -१४ वमोजिम जरिवाना लगाईनेछ।

१६. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

यस ऐन वमोजिम तोकिएको कर तथा शुल्क वुझाउनुपर्ने व्यवसायी,उधोग,फर्म तथा संस्थाले यस कार्यालयबाट आफ्नो व्यवसाय संग सम्बन्धित बस्तु तथा सेवाको भुक्तानि लिनुअगावै अनिवार्य रुपमा कर तिरेको प्रमाण पेश गर्नुपर्नेछ, अन्यथा भुक्तानि दिईनेछैन ।

१८। **करको असुली तथा दण्ड जरिवनाः** यस गाउँपालिकाले निर्धारण गरेको कर तथा गैर कर आर्थिक वर्ष भित्रै वुझाईसक्नु पर्नेछ । उक्त समय भित्र कर नवुझाएमा अनुसूची -१४ वमोजिम जरिवाना लगाईनेछ।

तर, कर उठाउन प्रोत्साहनको लागि कुनै निश्चित समयावधीतोकेर निश्चित प्रतिशत जरिवाना छुट दिन गाउँ कार्यपालिकाले निर्णय गर्न वाधा पर्ने छैन ।